नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
# सूचना विभाग
(प्रेस रजिष्ट्रेशन शाखा)

फोनः ४११२७१७
४११२५५१
४११२७५३
फ्याक्स : ४११२६५२
www.doinepal.gov.np
press@doinepal.gov.np

प.सं. : २०७३/७४
च.नं. ११७१

मिति : २०७४/१/३

**विषयः- विज्ञापन नमूना पठाइएको ।**

**श्री सम्पादकज्यू**
**वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु**

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा राष्ट्रिय सूचना आयोगबाट निम्न सन्देशहरु लोक कल्याणकारी विज्ञापनको रुपमा प्रकाशन गरिदिन अनुरोध भई आएको सन्दर्भमा देहायका विज्ञापनलाई प्राथमिकता दिई आलोपालो मिलाई प्रकाशन गर्ने व्यवस्था हुन मिति २०७३/१२/३१ को निर्णयानुसार अनुरोध छ ।

- लोकतन्त्रको आधार : सूचनाको अधिकार ।
- सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार ।
- कुनै पनि सार्वजनिक सरोकार : थाहा पाउने नागरिकको अधिकार ।
- सूचना लिनेदिने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

- सार्वजनिक निकायहरुले आफ्नो निकाय सम्बन्धी सूचना प्रत्येक तीन/तीन महिनामा विभिन्न राष्ट्रिय भाषामा प्रकाशित गर्नुपर्ने तथा आम सञ्चार माध्यमको उपयोग गर्नुपर्ने कानूनी व्यवस्था छ । यसको पालना भए-नभएको नागरिकले चासो व्यक्त गर्नुपर्छ ।
- प्रत्येक सार्वजनिक निकायले सूचनाको वर्गीकरण गर्नुपर्छ । ती निकायहरुले सूचनादाताको संरक्षण गर्नुपर्छ । कानून बमोजिम क्षतिपूर्ति दिने गरी आयोगबाट निर्णय भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउनु पर्नेछ ।

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

- नेपालको संविधानले नागरिकलाई अधिकारको व्यवस्था गर्नुका साथै कर्तव्यको पनि व्यवस्था गरेको छ । यसर्थ प्रत्येक नागरिकले आफ्नो सार्वजनिक सरोकारको विषयमा सूचना माग गरी सजग नागरिकको पहिचान बनाउनु प्रत्येक नेपाली नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**

(रुपा वि.क.)
**शाखा अधिकृत**

**बोधार्थः**
श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार ।
श्री राष्ट्रिय सूचना आयोग, बानेश्वर-१०, काठमाडौं ।
श्री सबै सञ्चार केन्द्रहरु :- उपर्युक्त अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।
श्री आर्थिक प्रशासन शाखा, सूचना विभाग ।
श्री सूचना व्यवस्थापन शाखा, सूचना विभाग